# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं भदौ ६ गते २०५४ साल (अतिरिक्ताङ्क २३

## भाग २

### श्री ५ को सरकार

### कानुन तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको छब्बीसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५४ सालको ऐन नं. २

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

भन्सार ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : भन्सार ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "भन्सार (सातौं संशोधन) ऐन, २०५४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. भन्सार ऐन, २०१९ को दफा २ मा संशोधन : भन्सार ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ण१) झिकिएकोछ ।

३. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएकोछ : –

"१३. कारोबार मूल्यको आधारमा भन्सार महसुलको निर्धारण : (१) पैठारी गरिने कुनै माल वा वस्तुको भन्सार महसुल त्यस्तो माल वा वस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गरिनेछ ।

(२) पैठारी गरिने माल वा वस्तुको कारोबार मूल्यलाई प्रमाणित गर्न माल वा वस्तुको धनीले त्यस्तो माल वा वस्तुको मूल्य खुल्ने बिल बिजक र भन्सार अधिकृतले माग गरेको पैठारी सम्बन्धी अन्य आवश्यक कागजात भन्सार अड्डामा पेश गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४१०

(३) उपदफा (२) बमोजिम माल वा वस्तुको धनीले पेश गरेको बिल बिजक वा कागजातको सत्यता प्रमाणित गर्ने जिम्मेवारी सो माल वा वस्तुको धनीमा रहनेछ।

(४) पैठारी गरिने कुनै माल वा वस्तुको कारोबार मूल्यको आधारमा भन्सार महसुल निर्धारण गर्दा त्यस्तो माल वा वस्तुको धनीबाट पेश भएको कारोबार मूल्य वास्तविक कारोबार मूल्य कायम गर्ने पद्धतिसंग मेल नखाने भएमा भन्सारको मुख्य अधिकारी वा निजले तोकेको कुनै भन्सार अधिकृतले अभिलेख मूल्य, मूल्यसूची वा सोही प्रकारका माल वा वस्तुको मूल्यको आधारमा त्यस्तो माल वा वस्तुको मूल्य कायम गरी भन्सार महसुल निर्धारण गर्नेछ।

(५) उपदफा (४) बमोजिम माल वा वस्तुको धनीबाट कारोबार मूल्य पेश नभई भन्सार महसुल निर्धारण गर्न नसकिने अवस्था परेमा भन्सारको मुख्य अधिकारी वा निजले तोकेको कुनै भन्सार अधिकृतले अभिलेख मूल्य, मूल्यसूची वा सोही प्रकारका माल वा वस्तुको मूल्यको आधारमा त्यस्तो माल वा वस्तुको मूल्य कायम गर्न सक्नेछ।

(६) भन्सार महसुल निर्धारण गर्ने प्रयोजनको लागि भन्सारको मुख्य अधिकारी वा निजले तोकेको कुनै भन्सार अधिकृतले माल वा वस्तुको मूल्य कायम गर्दा अभिलेख मूल्य, उत्पादनकर्ता वा वितरकले पेश गरेको मूल्यसूची वा उपलब्ध तथ्यांक


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा सूचना वा विशेषज्ञ वा सम्बन्धित संस्था वा निकायको सुझावलाई आधार मान्न सक्नेछ ।

(७) भन्सार महसुलको प्रयोजनको लागि श्री ५ को सरकारले कुनै माल वा वस्तुको मूल्य निर्धारण गर्दा सामान्यतया त्यस्तो माल वा वस्तुको धनीले पेश गरेको बिल बिजक वा त्यस्तो माल वा वस्तुको उत्पादक वा वितरकको आधिकारिक मूल्य सूची वा अन्तर्राष्ट्रिय बजार भाउ वा त्यस्तो माल वा वस्तुसंग सम्बन्धित विशेषज्ञ, उद्योग, वाणिज्य तथा व्यापारसंग सम्बन्धित निकाय वा व्यक्तिको सुझावलाई आधार मान्न सक्नेछ ।

(८) पैठारीकर्ताले नेपाल अधिराज्य बाहिरबाट खरिद गरी ल्याएको, उपहार वा नमूना स्वरुप प्राप्त गरेको वा अन्य कुनै कारणले कुनै माल वा वस्तुको कारोबार मूल्य निर्धारण गर्न नसकेमा त्यस्तो माल वा वस्तुको धनीले सो कुरा खुलाई सम्बन्धित भन्सार अड्डामा निवेदन दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा निवेदनमा लेखिए बमोजिम कारोबार मूल्य कायम हुन नसकेको पुष्टी हुन आएमा भन्सारको मुख्य अधिकारी वा निजले तोकेको अन्य अधिकृतले उपदफा (५) बमोजिम त्यस्तो माल वा वस्तुको मूल्य निर्धारण गर्न सक्नेछ ।

(१०) पैठारी गरिने माल वा वस्तुको भन्सार महसुल निर्धारण गर्ने प्रयोजनको लागि मूल्य कायम भई नआएसम्म त्यस्तो माल वा वस्तुमा डेमरेज लाग्ने छैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४ <u>मूल ऐनको दफा २३ मा संशोधन</u> : मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएकोछ :-

"२३. <u>भारी वा पोका खोल्ने र जाँच्ने अधिकार</u> : (१) भन्सार अधिकृतले निकासी वा पैठारी हुने जुनसुकै माल वा वस्तुको भारी वा पोका एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशत मात्र खोल्न र जाँच्न भन्सार अड्डाको कर्मचारीलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माल वा वस्तुको भारी वा पोका बीच बीचमा छड्के गरी वा केही प्रतिशत मात्र खोली जाँचेको भए त्यसरी जाँचेको तरिका र अदतको स्पष्ट विवरण प्रज्ञापनपत्रमा उल्लेख गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम जाँच गरेको वा नगरेको भारी वा पोकामा शंका लागेमा वा सो सम्बन्धमा कुनै सूचना प्राप्त भएमा भन्सार अधिकृतले त्यस्तो भारी वा पोका जाँच नै नगरेको भए जाँचबुझ गराउन वा जाँच गरिसकेको भए पुनः जाँचबुझ गराउन आदेश दिन सक्नेछ ।"

५. <u>मूल ऐनमा दफा २३क. र २३ख. थप</u> : मूल ऐनको दफा २३ पछि देहायको दफा २३क. र २३ख. थपिएका छन्:-

"२३क. <u>जाँच गरे सरह हुने</u> : दफा २३ बमोजिम भारी वा पोका जाँच गर्दा पेश भएको बिल बिजक, अन्य कागजात वा विवरणसँग जाँचिएको माल वा वस्तु मिलेमा जाँच नगरिएको भारी वा पोका भित्रका माल वा वस्तु पनि जाँच गरे सरह हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३ख. माल वा वस्तुको धनी वा एजेन्टमा जिम्मेवारी रहने : दफा २३ वा २३क. बमोजिम जाँच गरिएको माल वा वस्तु पछि अधिकार प्राप्त अधिकारीले भन्सार क्षेत्रभित्र वा बाहिर एक एक गरी खोली जाँच गर्दा पेश भएको बिल बिजक, अन्य कागजात वा विवरणसंग भारी वा पोका भित्रको माल वा वस्तु वा अदत फरक देखिएमा सोको जिम्मेवारी माल वा वस्तुको धनी वा निजको एजेण्टमा रहनेछ ।"

६. मूल ऐनमा दफा ४४ख. र ४४ग., थप : मूल ऐनको दफा ४४क. पछि देहायका दफा ४४ख. र ४४ग. थपिएका छन् :-

"४४ख. पुनरावलोकन गरिने : (१) यस ऐन बमोजिम भन्सार महसुल लिने प्रयोजनको लागि जाँचपास भएका माल वा वस्तुहरुको प्रज्ञापनपत्रहरु भन्सार अड्डाले पुनरावलोकन गर्न सक्नेछ ।

तर यस ऐन बमोजिम पुनरावलोकन गर्दा त्यस्ता माल वा वस्तु जाँचपास भएको मितिले चार वर्षभित्र गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावलोकन गर्दा असुल गर्नु पर्ने भन्सार महसुल असुल गर्न छुट भएको देखिएमा भन्सार अधिकृतले त्यस्तो माल वा वस्तुको धनीबाट असुल हुन बाँकी भन्सार महसुल सरकारी बाँकी सरह असुल उपर गरी लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पुनरावलोकन गर्दा माल वा वस्तुको धनीले जानी जानी लुकाई छिपाई



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५४

वा नक्कली बिल बिजक वा कागजात पेश गरेको कारणले भन्सार महसुलमा फरक पर्न गएको हो भन्ने कुरा पुष्टी हुन आएमा भन्सार अधिकृतले त्यस्तो माल वा वस्तुको धनीलाई भन्सार अड्डाबाट छुटाई लगेको माल वा वस्तुको बिगो बमोजिम जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम पुनरावलोकन गर्दा राजश्व चुहावट गर्ने उद्देश्यले भन्सारका कर्मचारीहरुको हेलचक्रयाई वा बदनियतबाट भन्सार महसुल फरक पर्न गएको हो भन्ने प्रमाणित भएमा सम्बन्धित कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गर्न छुट भएको भन्सार महसुल रकमको शतप्रतिशत रकम सम्बन्धित कर्मचारीबाट असुल उपर गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम पुनरावलोकन गर्दा सम्बन्धित पक्षहरुलाई झिकाउने, बयान लिने, खानतलासी लिने, गोदाम कब्जा वा नियन्त्रणमा लिने आदि सबै कार्य गर्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार भन्सार अधिकृतलाई हुनेछ ।

४४ग. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u> : यस ऐन बमोजिम भन्सारको मुख्य अधिकारीले आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।"

७. <u>खारेजी</u> : मूल ऐनको दफा १३क. खारेज गरिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. भन्सार (सातौं संशोधन) अध्यादेश, २०५४ निष्क्रय भएपछि त्यसको परिणाम : भन्सार (सातौं संशोधन) अध्यादेश, २०५४ निष्कृय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्कृयताले,-

(क) सो अध्यादेश निष्कृय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ।

लालमोहर सदर मितिः- २०५४।५।६।६

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५६

# भाग २

## श्री ५ को सरकार

## कानुन तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको छब्बीसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०५४ सालको ऐन नं. ३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## औद्योगिक व्यवसाय ऐन, २०४९ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : औद्योगिक व्यवसाय ऐन,२०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय (पहिलो संशोधन) ऐन, २०५४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. औद्योगिक व्यवसाय ऐन,२०४९ को दफा २ मा संशोधन : औद्योगिक व्यवसाय ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) पछि देहायका खण्ड (ङ१) र (ङ२) थपिएकाछन् :-

"(ङ१) "निर्यात प्रवर्द्धन उद्योग" भन्नाले आफ्नो उत्पादनको असी वा सो भन्दा बढी प्रतिशत निर्यात गर्ने उद्देश्यले स्थापना भएको तोकिएको उद्योग सम्झनु पर्छ ।

(ङ२) "निर्यात प्रवर्द्धन क्षेत्र" भन्नाले श्री ५ को सरकारबाट निर्यात प्रवर्द्धन उद्योग रहने गरी तोकिएको क्षेत्र सम्झनु पर्छ ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को खण्ड (ग) मा रहेका "बीउ बिजन उत्पादन," भन्ने शब्दहरु पछि "च्याउ, तरकारी खेती वा तरकारी प्रशोधन, नयाँ प्रविधिद्वारा विरुवा उत्पादन गर्ने उद्योग (टिस्यूकल्चर), ग्रिन हाउस," भन्ने शब्दहरु थपिएकाछन् ।

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ मा रहेका "एक करोड रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "तीन करोड रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएकाछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ मा रहेका "एक करोड रुपैयाँ भन्दा बढी पाँच करोड रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "तीन करोड रुपैयाँ भन्दा बढी दश करोड रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएकाछन् ।

६. मल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ मा रहेका "पाँच करोड रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "दश करोड रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

७. मल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को,-

(१) उपदफा (१) मा रहेका "वा नपर्ने" भन्ने शब्दहरु झिकिएकाछन् ।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछः-

"(१क) यस ऐन बमोजिम अनुमति लिनु नपर्ने कुनै पनि उद्योग स्थापना गर्दा उद्योगको प्रकृति, वर्ग, उद्योग रहने स्थान, उद्योगले प्रयोग गर्ने मेशिनरी, कोरा माल, सहायक कोरा माल, रसायन, प्याकेजिङ्ग सामान र उद्योगपतिको नाम खुलाई उद्योग दर्ताको लागि विभागमा दरखास्त दिनु पर्नेछ ।"

(३) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१क)" भन्ने शब्दहरु राखिएकाछन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) मा रहेका "उपदफा (१) वा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१), (१क) वा (२)" भन्ने शब्दहरु राखिएकाछन् ।

८. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ को,-

(१) खण्ड (ख) झिकिएकोछ ।

(२) खण्ड (ग), (घ), (ङ) र (च) को सट्टा देहायका खण्ड (ग), (घ), (ङ) र (च) राखिएकाछन्:-

"(ग) चुरोट, बिडी, सिगार, खाने सूर्ती, खैनी र सूर्ती मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका अन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योग बाहेक अन्य उद्योगबाट आर्जित आयमा बीस प्रतिशत भन्दा बढी आयकर लगाइने छैन ।

(घ) चुरोट, बिडी, सिगार, खाने सूर्ती, खैनी र सूर्ती मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका अन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योग, स-मील वा कत्था उद्योग बाहेक आफ्नो उत्पादनमा असी वा सो भन्दा बढी प्रतिशत स्वदेशी कच्चा पदार्थ प्रयोग हुने र सबै जनशक्ति नेपाली नागरिकबाट आपूर्ति गर्ने उद्योगलाई लाग्ने आयकरमा दश प्रतिशतका दरले आयकर छुट दिइनेछ ।

(ङ) अनुसूची-४ मा उल्लिखित राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरु मध्ये सडक, पुल,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

टनेल, रोपवे, फ्लाइङ्ग ब्रिज, ट्रलीबस तथा ट्राम निर्माण गरी सञ्चालन गर्ने उद्योगलाई सञ्चालन मितिले दश वर्षसम्म र सोही अनुसूचीमा उल्लिखित अन्य उद्योगहरुलाई सञ्चालन मितिले सात वर्षसम्म त्यस्तो उद्योगबाट आर्जित आयमा लाग्ने आयकरमा पचास प्रतिशत आयकर छुट दिइनेछ ।

(च) चुरोट, बिंडी, सिगार, खाने सूर्ती, खैनी र सूर्ती मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका अन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा बियर उत्पादन गर्ने उद्योग बाहेक अनुसूची-३ मा उल्लेख भएका अतिअविकसित, अविकसित तथा अल्पविकसित क्षेत्रहरुमा स्थापित उद्योगहरुलाई लाग्ने आयकरमा सञ्चालन मितिले दश वर्षसम्म क्रमशः तीस, पच्चीस र बीस प्रतिशत तथा अन्तःशुल्कमा क्रमशः पैंतीस, पच्चीस र पन्ध्र प्रतिशत छुट दिइनेछ ।"

(३) खण्ड (क) र (ङ) झिकिएकाछन् ।

(४) खण्ड (ब), (फ), (भ) र (म) को सट्टा देहायका खण्ड (ब), (फ), (भ) र (म) राखिएकाछन्:-

"(ब) कुनै उद्योगले कुनै वर्ष छ सय वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्ष भरी प्रत्यक्ष रोजगारी दिएमा त्यस्तो उद्योगलाई सो वर्ष अन्य सुविधाका अतिरिक्त दश प्रतिशतका दरले थप आयकर छुट दिइनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(फ) कुनै उद्योगले आफ्नो उत्पादन निर्यात प्रवर्द्धन गृहमा बिक्री गरेमा त्यस्तो बिक्री गरिएको वस्तु उत्पादन गर्न आयात गरिएको कच्चा पदार्थमा लागेको भन्सार महसुल तथा बिक्रीकर र तयारी वस्तुमा लागेको बिक्रीकर तथा अन्त:शुल्क सो वस्तु बिक्री गरी निर्यात समेत गरेको परिमाणको आधारमा सम्बन्धित उद्योगलाई फिर्ता दिइनेछ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "निर्यात प्रवर्द्धन गृह" भन्नाले नेपाल अधिराज्यभित्र स्थापित उद्योगका उत्पादनहरु संकलन गरी विदेश निर्यात गर्ने उद्देश्यले तोकिए बमोजिम स्थापित कम्पनी, फर्म वा सहकारी संस्था सम्झनु पर्छ ।

(भ) निर्यात हुने औद्योगिक वस्तुमा प्रयोग गरिने माध्यमिक वस्तु (इन्टरमिडियट गुड्स) उत्पादन गर्ने उद्योगले उत्पादन सामग्रीमा तिरेको भन्सार महसुल, बिक्रीकर, अन्त:शुल्क तथा प्रिमियम र उत्पादनमा तिरेको बिक्रीकर र अन्त:शुल्क निर्यात भएको परिमाणको आधारमा बिक्री गरेको साठी दिनभित्र सम्बन्धित माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगलाई फिर्ता दिइनेछ ।

तर त्यस्तो रकम फिर्ता पाउन निर्यात गरेको एक वर्षभित्र दरखास्त नदिएमा फिर्ता दिइने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
822

(म) निर्यात प्रवर्द्धन उद्योगले प्रयोग गर्ने मेशीन, औजार, उपकरण, यन्त्र एवं कच्चा पदार्थमा र उत्पादनमा कुनै कर, शुल्क वा दस्तुर लाग्ने छैन ।

तर यस्ता उद्योगको उत्पादन कुनै कारणबाट स्वदेशमा बिक्री गर्नु परेमा बिक्री गरिएको परिमाणको आधारमा कर, शुल्क वा दस्तुर बुझाउनु पर्नेछ । "

(५) खण्ड (म) पछि देहायका खण्ड (य),(र) र (ल) थपिएकाछन् :-

"(य) कुनै उद्योगले मजदुर तथा कर्मचारीको आवास, जीवन बीमा, स्वास्थ्य सुविधा, शिक्षा, तालिम लगायतका दीर्घकालीन हितका लागि गरेको खर्चको रकम आयकर प्रयोजनका लागि कट्टी गर्न पाउनेछ ।

(र) औद्योगिक मेसिनरी उत्पादन वा अन्य कुनै वस्तु उत्पादनका लागि आवश्यक पर्ने नेपालमा उत्पादन नहुने मुख्य कच्चा पदार्थ आयात गर्दा लाग्ने भन्सार दर त्यस्तो कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरिने औद्योगिक मेसिनरी वा तयारी वस्तु आयात गर्दा लाग्ने भन्सार दर भन्दा बढी हुने छैन ।

(ल) माध्यमिक वस्तु (इन्टरमिडियट गुड्स) उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन अर्को मूल वस्तु उत्पादन गर्ने उद्योगलाई बिक्री गरेमा त्यस्तो वस्तुको उत्पादनमा लाग्ने


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिक्रीकर र अन्तःशुल्क मूल वस्तु उत्पादन गर्ने उद्योगले प्रयोग गरेको आधारमा लाग्ने करको हिसाब मिलान गर्न पाउनेछ ।

तर त्यस्तो मूल वस्तु उत्पादन गर्ने उद्योग बिक्रीकर वा अन्तःशुल्क प्रयोजनको लागि दर्ता भएको हुनु पर्नेछ ।"

९. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को,-

(१) खण्ड (ग) को शुरुमा "निर्यात प्रवर्द्धन उद्योग," भन्ने शब्दहरु थपिएकाछन् ।

(२) खण्ड (ङ) झिकिएकोछ ।

१०. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को,-

(१) उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएकोछः-

"(ख१) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, दूरसञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा समयवद्ध व्यवस्था गर्न आवश्यक सिफारिस गर्ने ।"

(२) उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएकाछन्ः-

"(३) समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार उपदफा (४)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८

बमोजिम गठित उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर दफा १८ को उपदफा (१) को खण्ड (ख) मा तोकिएको अधिकार प्रत्यायोजन हुने छैन ।

(४) समितिले आफूले गर्ने काम कारबाहीको लागि आवश्यकतानुसार उप-समितिहरु गठन गर्न सक्नेछ र त्यसरी गठन भएका उप-समितिहरुको काम, कर्तव्य र अधिकार समितिले तोकिदिए बमोजिम हुनेछ ।"

११. <u>मूल ऐनको दफा २० मा संशोधन</u> : मूल ऐनको दफा २० को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछः-

"(३) यो उपदफा प्रारम्भ हुनु भन्दा अघि दर्ता भएको वा अनुमति प्राप्त भएको उद्योगले अवधि किटिएको सुविधा तथा सहुलियत जति दर्ता हुँदा वा अनुमति प्राप्त गर्दाको अवस्थाको कानून बमोजिम र अवधि नकिटिएको सुविधा र सहुलियत यसै ऐन बमोजिम पाउनेछ ।"

१२. <u>मूल ऐनको दफा २५ मा संशोधन</u> : मूल ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क) मा रहेका "एकलाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पाँचलाख रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

१३. <u>मूल ऐनमा दफा २५क. थप</u> : मूल ऐनको दफा २५ पछि देहायको दफा २५क. थपिएकोछ :-

"२५क. <u>रुग्ण उद्योग सम्बन्धी व्यवस्था</u> : (१) लगातार पाँच वर्षदेखि घाटामा संचालन भई कूल उत्पादन क्षमताको बीस प्रतिशत वा सो भन्दा कम उत्पादन गर्ने उद्योगलाई श्री ५' को सरकारले उचित देखेमा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२२

नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रुग्ण उद्योग घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उद्योगले त्यस्तो उद्योग विस्तार तथा विविधीकरण गर्नका लागि आयात गरिने मेसिनरीमा कुनै महसुल, शुल्क तथा कर लाग्ने छैन ।"

१४. मूल ऐनको अनुसूची-१ मा संशोधन : मूल ऐनको अनुसूची-१ को शुरुमा "चुरोट, बिडी, सिगार, खाने सूर्ती, खैनी र सूर्ती मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका अन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योग बाहेक" भन्ने शब्दहरु र सोही अनुसूचीको अन्त्यमा "र दुई लाख रुपैयाँ सम्म स्थीर जेथा भएका कुटीर उद्योगहरु ।" भन्ने शब्दहरु थपिएकाछन् ।

१५ मूल ऐनको अनुसूची-२ मा संशोधन : मूल ऐनको अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखिएकोछ :-

"अनुसूची-२
(दफा ९ संग सम्बन्धित)
अनुमति लिनपर्ने उद्योग

१. हातहतियार, गोली गट्ठा, बारुद लगायतका विस्फोटक पदार्थ उत्पादन गर्ने, सुरक्षात्मक छपाई (सेक्युरिटी प्रिन्टिङ्ग), मुद्रा तथा सिक्का उद्योग ।

२. चुरोट, बिडी, सिगार, खाने सूर्ती, खैनी र सूर्ती मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योग । "



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२८

१६. मल ऐनको अनुसूची-३ मा संशोधन : मूल ऐनको अनुसूची-३ मा रहेका क्षेत्रहरुको वर्गीकरण मध्ये "सामान्य विकसित क्षेत्र" झिकिएकोछ ।

१७. मल ऐनको अनुसूची-४ मा संशोधन : मूल ऐनको अनुसूची-४ को सट्टा देहायको अनुसूची-४ राखिएकोछः-

"अनुसूची-४

(दफा १५ को खण्ड (ग) संग सम्बन्धित )

राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरु

१. कृषि तथा वनजन्य उद्योगहरु ।

२. इन्जिनियरिङ्ग उद्योग (कृषि तथा औद्योगिक मेसिन उत्पादन गर्ने) ।

३. इन्धन बचत गर्ने वा प्रदूषण कम गर्ने साधन उत्पादन गर्ने उद्योग ।

४. फोहर मैला प्रशोधन गर्ने उद्योग ।

५. सडक, पुल, टनेल, रोपवे, फ्लाइङ्ग ब्रिज, ट्रलीबस तथा ट्राम निर्माण गरी संचालन गर्ने उद्योग ।

६. अस्पताल र नर्सिङ्ग होम (काठमाडौं उपत्यका बाहिर मात्र) ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
826

७. आयुर्वेदिक, होमियोपेथिक र अन्य परम्परागत औषधि उत्पादन गर्ने तथा अपाङ्ग तथा हाडजोर्नीको मद्दतका लागि प्रयोग गरिने बैशाखी, कम्मरपेटी, व्हील चियर, स्ट्रेचर र लट्ठी आदि उत्पादन गर्ने उद्योगहरु ।

८. फलफूल तथा तरकारी भण्डारका लागि स्थापित शीत भण्डार (कोल्ड स्टोरेज) ।"

१८. <u>औद्योगिक व्यवसाय (पहिलो संशोधन) अध्यादेश, २०५४ निष्क्रय भएपछि त्यसको परिणाम</u> : औद्योगिक व्यवसाय (पहिलो संशोधन) अध्यादेश, २०५४ निष्कृय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्कृयताले,-

(क) सो अध्यादेश निष्कृय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघिनै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पर्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः- २०५४।५।६।६

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२५

# भाग २

## श्री ५ को सरकार

## कानुन तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको छब्बीसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**२०५४ सालको ऐन नं. ४**

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## स्थानीय निकाय सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन

**प्रस्तावना : स्थानीय निकाय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२०

श्री ५ महाराजाधिराज बीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "स्थानीय निकाय सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. गाउँ विकास समिति ऐन, २०४८ मा संशोधन: गाउँ विकास समिति ऐन,२०४८ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछ:-

"(क) "वडा समिति" भन्नाले दफा ६ बमोजिम गठित वडा समिति सम्झनु पर्छ ।"

(ख) खण्ड (क) पछि देहायका खण्ड (क१), (क२) र (क३) थपिएका छन्:-

"(क१) "वडाध्यक्ष" भन्नाले वडा समितिको अध्यक्ष सम्झनु पर्छ ।

(क२) "गाउँ परिषद्" भन्नाले दफा ७ बमोजिम गठित गाउँ परिषद् सम्झनु पर्छ ।

(क३) "गाउँ विकास समिति" भन्नाले दफा ११ बमोजिम गठित गाउँ विकास समिति सम्झनु पर्छ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४३५

(२) परिच्छेद-२ को सट्टा देहायको परिच्छेद-२ राखिएको छः-

"परिच्छेद-२

गाउँ विकास क्षेत्र, वडा विभाजन र वडा समिति

३. गाउँ विकास क्षेत्र र केन्द्र तोक्ने : (१) श्री ५ को सरकारले नेपाल अधिराज्यको कुनै ग्रामिण इलाकालाई चार किल्ला खोली गाउँ विकास क्षेत्र तोक्न सक्नेछ ।

(२) श्री ५ को सरकारले उपदफा (१) बमोजिम तोकिएको गाउँ विकास क्षेत्रभित्रको पायक पर्ने स्थानलाई सो क्षेत्रको केन्द्र तोक्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको गाउँ विकास क्षेत्रको केन्द्रमा गाउँ स्तरीय सबै कार्यालयहरु रहनेछन् ।

४. वडा विभाजन : दफा ३ बमोजिम तोकिएको गाउँ विकास क्षेत्रलाई श्री ५ को सरकारले भौगोलिक अवस्थालाई समेत ध्यान दिई यथासंभव बराबर जनसंख्या पर्ने गरी नौ वडामा विभाजन गर्नेछ ।

५. सिमाना हेरफेर : (१) दफा ३ बमोजिम तोकिएको कुनै गाउँ विकास क्षेत्र वा दफा ४ बमोजिम विभाजन गरिएको कुनै वडाको सिमाना हेरफेर गर्न आवश्यक परेमा श्री ५ को सरकारले सम्बन्धित विशेषज्ञ समेत रहने गरी समिति गठन गरी सो समितिको सिफारिशमा निर्वाचन


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८३२

आयोगको स्वीकृति लिई प्रतिनिधि सभाको सदस्यको निर्वाचनको लागि कायम भएको निर्वाचन क्षेत्रलाई असर नपर्ने गरी त्यस्तो गाउँ विकास क्षेत्र वा वडाको सिमाना हेरफेर गर्नेछ ।

तर यसरी सिमाना हेरफेर गर्दा निर्वाचन हुने साल भन्दा एक वर्ष अगावै गरिसक्नु पर्नेछ ।

(२) कुनै गाउँ विकास क्षेत्रको सिमाना हेरफेर हुन आवश्यक छ भनी सम्बन्धित गाउँ परिषद्को दुई तिहाई बहुमतबाट प्रस्ताव पारित भै सम्बन्धित जिल्ला परिषद्ले सिफारिश गरेमा उपदफा (१) को अधीनमा रही श्री ५ को सरकारले सिमाना हेरफेर गर्न सक्नेछ ।

६. <u>वडा समितिको गठन</u> : गाउँ विकास समितिको प्रत्येक वडाका प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरुले दफा ९ बमोजिम गाउँ परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरु मध्येबाट निर्वाचित गरेका देहाय बमोजिमका वडाध्यक्ष र वडा सदस्यहरु रहने गरी एक वडा समिति गठन हुनेछः-

(क) एक जना वडाध्यक्ष,

(ख) एक जना महिला वडा सदस्य, र

(ग) तीन जना वडा सदस्यहरु ।"

(३) परिच्छेद-२ पछि देहायका परिच्छेद-२क. र परिच्छेद २ख. थपिएका छन्:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"परिच्छेद-२क.

गाउँ परिषद सम्बन्धी व्यवस्था

७. गाउँ परिषद्को गठन: (१) दफा ३ बमोजिम तोकिएको गाउँ विकास क्षेत्रमा एक गाउँ परिषद् गठन गरिनेछ।

(२) गाउँ परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:-

(क) गाउँ विकास समितिका अध्यक्ष र उपाध्यक्ष,

(ख) प्रत्येक वडा समितिका वडाध्यक्ष, महिला वडा सदस्य र वडा सदस्यहरु,

(ग) गाउँ विकास क्षेत्रभित्रका एक जना महिला सहित समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासी मध्ये गाउँ परिषद्मा प्रतिनिधित्व हुन नसकेका वर्गका दफा ९ बमोजिम गाउँ परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट गाउँ परिषद्द्वारा मनोनीत छ जना व्यक्तिहरु।

८. गाउँ परिषदको सदस्यको पदावधि: (१) गाउँ परिषद्को सदस्यको पदावधि पाँच वर्षको हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) गाउँ परिषद्का सदस्यको पदावधि गणना गर्दा पदावधि शुरु हुने सालको श्रावण १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि नबढाई प्रत्येक पाँचौ वर्षको आषाढ मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस दफा बमोजिम गाउँ परिषद्को सदस्यको पदावधि समाप्त हुनु अगावै गाउँ परिषद्को नयाँ सदस्यको लागि निर्वाचन सम्पन्न भएमा गाउँ परिषद्को साविकको सदस्यको पदावधि समाप्त भएको मानिनेछ र गाउँ परिषद्को नव निर्वाचित सदस्यलाई नै कार्य संचालन गर्ने अधिकार हुनेछ ।

(४) कुनै कारणवश निर्धारित समयमा कुनै गाउँ विकास समितिको वा वडा समितिको सदस्यको पदको निर्वाचन वा गाउँ परिषद्को सदस्यको मनोनयन हुन नसकी अरु समयमा भए पनि त्यस्तो सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचित वा मनोनीत भए सरह मानी पदावधिको गणना गरिनेछ ।

(५) कुनै गाउँ परिषद्को सदस्यको पद कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति निर्वाचित सदस्यको पदको लागि प्रचलित कानून बमोजिम उप-निर्वाचनद्वारा र मनोनीत सदस्यको पदको लागि मनोनयनद्वारा गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर-

(१) पद रिक्त भएको मितिले एक वर्षभित्र उप-निर्वाचन वा मनोनयन गरिसक्नु पर्नेछ ।

(२) ६ महिना भन्दा कम अवधिको लागि उप-निर्वाचन वा मनोनयन गरिने छैन ।

९. गाउँ परिषद्को सदस्यको लागि चाहिने योग्यता: गाउँ परिषद्को सदस्य हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछः-

(क) नेपाली नागरिक भएको,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको र प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेको,

(ग) गाउँ विकास समितिलाई बुझाउनु पर्ने सबै जिन्सी वा नगदी बुझाई सकेको,

(घ) गाउँ विकास समितिसंग ठेक्का पट्टा वा चल अचल सम्पत्ति सम्बन्धी व्यवहारमा कुनै निजी स्वार्थ नभएको,

(ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३६०

तर असुली भएको प्रमाण पेश गरेमा यो खण्ड लागू हुने छैन ।

(च) कुनै कानूनले अयोग्य नभएको ।

१०. गाउँ परिषद्को सदस्यता कायम नरहने: देहायको अवस्थामा गाउँ परिषद्को सदस्यता कायम रहने छैन:-

(क) दफा ९ बमोजिमको योग्यता नभएमा,

(ख) आफू बसोबास गरिआएको वडा वा सोको भाग सम्बन्धित गाउँ विकास क्षेत्रबाट झिकिएमा वा अन्य कुनै गाउँ विकास क्षेत्र वा नगर क्षेत्रमा गाभिएमा,

(ग) जिल्ला विकास समितिको सभापति, उप-सभापति वा सदस्यको निर्वाचनमा उम्मेदबार भएमा वा जिल्ला परिषद्को सदस्यमा मनोनीत भएमा,

तर त्यस्तो पदको लागि हुने निर्वाचनमा मतदाता हुनको लागि यस खण्डले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्यको निर्वाचनमा उम्मेदवार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

४३८

भएमा वा राष्ट्रिय सभाको सदस्यमा मनोनीत भएमा,

(ङ) मनासिब माफिकको सूचना नदिई लगातार तीन पटकसम्म गाउँ परिषद्को बैठकमा अनुपस्थित भएमा,

तर त्यस्तो सदस्यलाई सफाई पेश गर्ने मनासिब मौका नदिई निजको सदस्यता कायम नरहेको सूचना दिइने छैन ।

(च) दफा ८ बमोजिमको पदावधि समाप्त भएमा,

(छ) प्रचलित कानून बमोजिम भ्रष्टाचारको अभियोगमा सजाय पाएमा,

(ज) राजनैतिक दल वा संगठनको तर्फबाट उम्मेदवार भई निर्वाचित सदस्यले तोकिए बमोजिम सम्बन्धित दल त्याग गरेमा,

(झ) राजिनामा दिएमा,

(ञ) मृत्यु भएमा ।

## परिच्छेद-२ ख.

## गाउँ विकास समिति सम्बन्धी व्यवस्था

११. **गाउँ विकास समितिको गठनः** (१) दफा ३ बमोजिम तोकिएको गाउँ विकास क्षेत्रमा गाउँ परिषद्को कार्यकारिणीको रुपमा एक गाउँ विकास समिति गठन गरिनेछ।

(२) गाउँ विकास समितिमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन्:-

(क) गाउँ विकास क्षेत्रभित्रका प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरुले निर्वाचन गरी पठाएका एक जना अध्यक्ष र एक जना उपाध्यक्ष,

(ख) गाउँ विकास क्षेत्रको प्रत्येक वडाका प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरुले आ-आफ्नो वडाबाट एक एक जनाको दरले निर्वाचन गरी पठाएका नौ जना वडाध्यक्षहरु,

(ग) दफा ७ को उपदफा (२) को खण्ड (ग) बमोजिमका गाउँ परिषद्का सदस्यहरु मध्येबाट एकजना महिला



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहित गाउँ विकास समितिद्वारा मनोनीत दुई जना सदस्यहरु ।

११क. <u>गाउँ विकास समिति स्वशासित र संगठित संस्था हुने:</u> (१) प्रत्येक गाउँ विकास समिति अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) गाउँ विकास समितिको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) गाउँ विकास समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

(४) गाउँ विकास समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

११ख. <u>सदस्यको पदावधि:</u> (१) गाउँ विकास समितिको सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(२) गाउँ विकास समितिको सदस्यको पदावधि गणना गर्दा पदावधि शुरु हुने सालको श्रावण १ गते देखि गणना गरिनेछ र पाँच वर्षको पदावधि नबढाई प्रत्येक पाँचौ वर्षको आषाढ मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यसदफा बमोजिम सदस्यको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदावधि समाप्त हुनु अगावै नयाँ सदस्यको लागि निर्वाचन सम्पन्न भएमा साविकको सदस्यको पदावधि समाप्त भएको मानिनेछ र नवनिर्वाचित सदस्यलाई नै कार्य संचालन गर्ने अधिकार हुनेछ ।

(४) कुनै कारणवश निर्धारित समयमा कुनै गाउँ विकास समितिको सदस्य पदको निर्वाचन वा मनोनयन सम्पन्न हुन नसकी अरु समयमा सम्पन्न भए पनि निर्वाचित वा मनोनीत सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचित वा मनोनीत भए सरह मानी पदावधिको गणना गरिनेछ ।

(५) कुनै गाउँ विकास समितको सदस्य पद कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति निर्वाचित सदस्यको पदको लागि प्रचलित कानून बमोजिम उप-निर्वाचनद्वारा र मनोनीत सदस्यको पदको लागि मनोनयनद्वारा गरिनेछ ।

तर-

(१) पद रिक्त भएको मितिले एक वर्षभित्र उप-निर्वाचन वा मनोनयन गरिसक्नु पर्नेछ ।

(२) ६ महिना भन्दा कम अवधिको लागि उप-निर्वाचन वा मनोनयन गरिने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११ग. **सदस्यको लागि चाहिने योग्यता:** गाउँ विकास समितिको सदस्यमा निर्वाचित वा मनोनीत हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) नेपाली नागरिक भएको,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको र प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेको,

(ग) गाउँ विकास समितिलाई बुझाउनु पर्ने सबै जिन्सी वा नगदी बुझाई सकेको,

(घ) गाउँ विकास समितिसंग ठेक्का पट्टा वा चल अचल सम्पत्ति सम्बन्धी व्यवहारमा कुनै निजी स्वार्थ नभएको,

(ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको,

तर असुली भएको प्रमाण पेश गरेमा यो खण्ड लागू हुने छैन।

(च) अन्य प्रचलित कानूनले अयोग्य नभएको।

११घ. **सदस्यता कायम नरहने** : देहायको अवस्थामा गाउँ विकास समितिको सदस्यता कायम रहने छैनः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४२

(क) दफा ११ग. बमोजिमको योग्यता नभएमा,

(ख) आफू बसोबास गरिआएको वडा वा सोको भाग सम्बन्धित गाउँ विकास क्षेत्रबाट झिकिएमा वा अन्य कुनै गाउँ विकास क्षेत्र वा नगर क्षेत्रमा गाभिएमा,

(ग) जिल्ला विकास समितिको सभापति, उप-सभापति वा सदस्यको निर्वाचनमा उम्मेदवार भएमा वा जिल्ला परिषद्को सदस्यमा मनोनीत भएमा,

तर त्यस्तो पदको लागि हुने निर्वाचनमा मतदाता हुनको लागि यस खण्डले बाधा पुऱ्याएको मानिने छैन।

(घ) प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्यको निर्वाचनमा उम्मेदवार भएमा वा राष्ट्रिय सभाको सदस्यमा मनोनीत भएमा,

(ङ) मनासिब माफिकको सूचना नदिई लगातार तीन पटक सम्म गाउँ विकास समितिको बैठकमा अनुपस्थित भएमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर सदस्यलाई सफाई पेश गर्ने मनासिब मौका नदिई निजको सदस्यता कायम नरहेको सूचना दिइने छैन ।

(च) प्रचलित कानून बमोजिम भ्रष्टाचारको अभियोगमा सजाय पाएमा,

(छ) दफा ११ख. बमोजिमको पदावधि समाप्त भएमा,

(ज) राजनैतिक दल वा संगठनको तर्फबाट उम्मेदवार भई निर्वाचित सदस्यले तोकिए बमोजिम सम्बन्धित दल त्याग गरेमा,

(झ) राजिनामा दिएमा,

(ञ) मृत्यु भएमा ।

११ङ. सम्पत्ति विवरण सार्वजनिक गर्नु पर्ने: सदस्यले दफा ५३क. बमोजिम शपथ ग्रहण गरेको मितिले तीस दिनभित्र आफू र आफ्नो एकाघर सगोलका परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

तर अध्यक्ष र उपाध्यक्षले आफू पदबाट हटेपछि पनि त्यसरी पदबाट हटेको मितिले तीस दिनभित्र त्यस्तो सम्पतिको विवरण सार्वजनिक गर्नु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

११च. <u>गाउँ विकास समितिहरुको वर्गीकरण</u>: श्री ५ को सरकारले जनसंख्या, भौगोलिक विविधता तथा यातायात, संचार, शिक्षा र स्वास्थ्य सम्बन्धी सुविधाहरुको आधारमा गाउँ विकास समितिहरुलाई तोकिए बमोजिम वर्गीकरण गरी कम सुविधा उपलब्ध र अविकसित गाउँ विकास क्षेत्रका गाउँ विकास समितिलाई साधन र सुविधा सम्पन्न गराई विकसित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।"

(४) परिच्छेद-३ को सट्टा देहायको परिच्छेद-३ राखिएको छः-

"परिच्छेद-३

<u>बैठक र कार्य प्रणाली</u>

१२. <u>वडा समितिको बैठकः</u> (१) वडा समितिको बैठक कम्तीमा महिनाको दुई पटक बस्नेछ ।

(२) वडाध्यक्षले बैठक बस्ने मिति, समय र स्थान तोकी वडा समितिको बैठक बोलाउने छ ।

(३) वडा समितिको बैठकको अध्यक्षता वडाध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित वडा समितिका सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले वडा समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(४) अध्यक्षता गर्ने व्यक्ति सहित तीनजना सदस्यको बहुमतले बैठकको निर्णय हुन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
४४५

(५) वडा समितिको बैठक सम्बन्धी अन्य कुरा वडा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. <u>गाउँ परिषद्को बैठकः</u> (१) गाउँ परिषद्को बैठक साधारणतया वर्षको दुई पटक बस्नेछ ।

(२) गाउँ परिषद्को बैठक गाउँ विकास समितिको अध्यक्षले बोलाउनेछ ।

(३) प्रत्येक वर्ष गाउँ परिषद्को बैठक सामान्यतया श्रावण मसान्त र पौष मसान्तभित्र बोलाउनु पर्नेछ ।

(४) गाउँ परिषद्को प्रत्येक बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गाउँ परिषद्को बैठकको अध्यक्षता गर्नेछ ।

तर गाउँ परिषद्को बैठकमा अध्यक्षको छनौट हुनु भन्दा अघि गाउँ परिषद्का उपस्थित सदस्यहरु मध्ये उमेरको हिसाबले वरिष्ठ सदस्यले सो बैठकको अध्यक्षता गर्नेछ ।

(५) गाउँ विकास समितिको सचिवले गाउँ परिषद्को सचिवको काम गर्नेछ ।

(६) गाउँ परिषद्को बैठक बस्ने मिति, समय र स्थानको सूचना बैठक बस्ने दिन भन्दा कम्तीमा पन्ध्र दिन अगावै गाउँ विकास समितिको अध्यक्षको निर्देशनमा सचिवले गाउँ परिषद्का सबै सदस्यहरुलाई पठाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) गाउँ परिषद्को बैठकको गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत हुनेछ ।

(८) गणपूरक संख्याको अभावमा गाउँ परिषद्को बैठक बस्न नसकेमा सात दिनको सूचना दिई अर्को बैठक बोलाउनु पर्नेछ । सो बैठकको गणपूरक संख्या एक तिहाई हुनेछ । सो गणपूरक संख्या पनि पूरा हुन नसकेमा सो को भोलिपल्ट पुनः अर्को बैठक बोलाउनु पर्नेछ । सो बैठकमा जतिसुकै सदस्य उपस्थित भए पनि बैठक संचालन हुनेछ ।

(९) गाउँ परिषद्का एक तिहाई सदस्यहरुले कुनै खास विषयमा छलफल गर्न बैठक बोलाई पाउँ भनी अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा त्यसरी अनुरोध गरेको मितिले तीस दिनभित्र गाउँ परिषद्को विशेष बैठक बोलाउनु पर्नेछ ।

(१०) गाउँ परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१३क. <u>गाउँ विकास समितिको बैठकः</u> (१) गाउँ विकास समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

(२) अध्यक्षको आदेश अनुसार सचिवले गाउँ विकास समितिको बैठक बोलाउनेछ ।

तर तीन महिनासम्म पनि अध्यक्षले बैठक बोलाउने आदेश नदिएमा एक तिहाई


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सदस्यहरुको लिखित अनुरोधमा सचिवले गाउँ विकास समितिको बैठक बोलाउनेछ ।

(३) गाउँ विकास समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित भएमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) गाउँ विकास समितिको बैठक तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) गाउँ विकास समितिको बैठकको निर्णय सचिवले प्रमाणित गर्नेछ ।

(६) गाउँ विकास समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१३ख. बैठकको निर्णयः (१) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक गाउँ परिषद् र गाउँ विकास समितिको बैठकको निर्णय उपस्थित सदस्यहरुको बहुमतको आधारमा गरिनेछ ।

तर दफा १३घ. को खण्ड (ख) र (ग) बमोजिमको प्रस्ताव सम्बन्धमा निर्णय गर्दा सम्पूर्ण सदस्य संख्याको बहुमतको आवश्यकता हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) गाउँ परिषद् र गाउँ विकास समितिको बैठकमा मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।"

(५) परिच्छेद-४ मा देहायका दफा १३ग. र १३घ. थपिएका छन्:-

"१३ग. <u>वडा समितिको काम,कर्तव्य र अधिकार</u>: गाउँ विकास समिति अन्तर्गतको प्रत्येक वडा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडाभित्रको बाटो, सडक, पुल, ढल, पोखरी, तलाउ, इनार, कुवा, धारा आदि सफा सुग्घर राख्ने ।

(ख) वडाभित्र फोहर, मैला र सडे गलेका वस्तुहरु फ्याँक्ने प्रबन्ध गर्ने ।

(ग) वडाभित्रको, जनसंख्या, घर, जग्गा, पाटी, पौवा ,धर्मशाला, मठ, मन्दिर, मस्जिद, गुम्बा आदि देबस्थल, मदरसा, पर्ती जग्गा, पोखरी, तलाउ, इनार, कुवा, धारा आदि सार्वजनिक महत्वका धार्मिक तथा सांस्कृतिक स्थलहरुको लगत राख्न गाउँ विकास समितिलाई सहयोग गर्ने ।

(घ) वडाभित्रको नहर, कुलो, पैनी आदिको हेर विचार गर्ने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) वडाभित्रका पर्ति जग्गा र डाँडा, भीर, पाखा, आदिमा वृक्षारोपण गर्ने र वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।

(च) वडामा स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी आदिको व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

(छ) वडामा विद्यालय तथा पुस्तकालयको स्थापनामा सहयोग पुऱ्याउने ।

(ज) वडाभित्र संचालन भएको र पूरा भएको आयोजना तथा कार्यक्रमहरुको रेखदेख गर्ने ।

(झ) वडावासीहरुलाई व्यक्तिगत घटना दर्ता गर्न उत्प्रेरित गर्ने,

(ञ) वडाभित्रका पिछडिएका जनजाति, असहाय, अपाङ्ग तथा वेवारिस व्यक्तिहरुको संरक्षण र जीविकोपार्जन सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने ।

(ट) सम्बन्धित गाउँ विकास समितिले दिएको निर्देशन तथा आदेश बमोजिमको अन्य काम गर्ने ।

१३घ. गाउँ परिषदको काम, कर्तव्य र अधिकार : (१) गाउँ परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
820

(क) गाउँ विकास समितिले पेश गरेको बजेट, योजना तथा कार्यक्रमहरु पारित गर्ने ।

(ख) गाउँ विकास समितिले प्रस्ताव गरेको कर, दस्तुर, महसुल, शुल्क आदि लगाउने तथा उठाउने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(ग) गाउँ विकास समितिले प्रस्ताव गरेको ऋण लिने वा अचल सम्पत्ति बेचबिखन वा हस्तान्तरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(घ) गाउँ विकास समितिको लेखा परीक्षण प्रतिवेदनबाट कायम भएका बेरुजुमाथि छलफल गरी प्रचलित कानून बमोजिम नियमित गर्न नमिल्ने बेरुजुको हकमा बेरुजु फछ्र्यौटको लागि आवश्यक कारवाही गर्न गाउँ विकास समितिलाई निर्देशन दिने ।

(ङ) गाउँ विकास समितिले आफ्नो आन्तरिक श्रोतबाट व्यहोर्ने गरी प्रस्ताव गरेको कर्मचारीको दरबन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधामा आवश्यकतानुसार स्वीकृति दिने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) गाउँ विकास समितिको प्रशासनिक कार्यहरुको मूल्याङ्कन गरी गाउँ विकास समितिलाई आवश्यक निर्देशन दिने ।

(छ) गाउँ विकास क्षेत्रभित्र संचालित विकास निर्माण कार्यहरुको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

(ज) गाउँ विकास समितिको विनियम स्वीकृत गर्ने ।

(झ) तोकिएको अन्य काम गर्ने ।

(२) गाउँ परिषद्ले गाउँ परिषद्को कुनै एक सदस्यको अध्यक्षतामा निज सहित तीन जना सदस्यहरु रहेको एक लेखा समितिको गठन गर्नेछ, त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) गाउँ परिषद्लाई विभिन्न विषयमा आवश्यक सल्लाह र सुझाव दिनको लागि उपदफा (२) बमोजिमको लेखा समितिमा रहने सदस्यहरु बाहेक गाउँ परिषद्का अन्य सदस्यहरुलाई तोकिए बमोजिमका विषयगत समितिहरुमा रहने गरी गाउँ परिषद्ले विभिन्न समितिहरु गठन गर्न सक्नेछ ।

(४) गाउँ परिषद्को अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ :-

"१५. सल्लाहकार समिति गठन गर्न सक्ने: गाउँ विकास समितिले आवश्यक ठानेमा आफ्नो काममा सहयोग पुऱ्याउन तीन देखि नौ जनासम्मको एक सल्लाहकार समिति गठन गर्न सक्नेछ। "

(७) दफा १६ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) गाउँ परिषद् र गाउँ विकास समितिको बैठक बोलाउने।"

(८) परिच्छेद-१२ मा देहायका दफा ५३ क. र ५३ ख. थपिएका छन्:-

"५३क. शपथ ग्रहण गर्नु पर्ने: (१) अध्यक्षले जिल्ला न्यायाधीश समक्ष, उपाध्यक्ष र सदस्यहरुले अध्यक्ष समक्ष र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले जिल्ला न्यायाधीश समक्ष र सदस्यहरुले उपाध्यक्ष समक्ष शपथ ग्रहण गर्नु पर्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक गाउँ परिषद्का अन्य सदस्यले अध्यक्ष समक्ष र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष समक्ष शपथ ग्रहण गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम शपथ ग्रहण नगरी गाउँ परिषद्का सदस्य तथा गाउँ विकास समितिका सदस्यहरुले पद ग्रहण गर्न पाउने छैनन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५३ख. पदत्याग गर्न सक्ने: (१) अध्यक्षले उपाध्यक्ष मार्फत गाउँ विकास समिति समक्ष र उपाध्यक्ष तथा सदस्यहरुले अध्यक्ष समक्ष राजिनामा दिई पदत्याग गर्न सक्नेछन् ।

(२) उप-दफा (१) मा लेखिएदेखि बाहेक गाउँ परिषद्का अन्य सदस्यहरुले अध्यक्ष समक्ष राजिनामा दिई पदत्याग गर्न सक्नेछन् ।"

३. नगरपालिका ऐन,२०४८ मा संशोधन : नगरपालिका ऐन, २०४८ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:-

"(क) "वडा समिति" भन्नाले दफा ६ बमोजिम गठित वडा समिति सम्झनु पर्छ ।"

(ख) खण्ड (क) पछि देहायका खण्ड (क१), (क२) र (क३) थपिएका छन्:-

"(क१) "वडाध्यक्ष" भन्नाले वडा समितिको अध्यक्ष सम्झनु पर्छ ।

(क२) "नगर परिषद्" भन्नाले दफा ७ बमोजिम गठित नगर परिषद् सम्झनु पर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क३) "नगरपालिका" भन्नाले दफा ११ बमोजिम गठित नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उप-महानगरपालिकालाई समेत जनाउँछ।"

(२) परिच्छेद-२ को सट्टा देहायको परिच्छेद-२ राखिएको छः-

"परिच्छेद-२

नगर क्षेत्र, वडा विभाजन र वडा समिति

३. नगर क्षेत्र र केन्द्र तोक्ने: (१) श्री ५ को सरकारले नेपाल अधिराज्यभित्रको कम्तीमा बीस हजार जनसंख्या भएको र बिजुली, सडक, खानेपानी र संचार व्यवस्था भएको कुनै क्षेत्रलाई चार किल्ला खोली नगर क्षेत्र तोक्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले पहाडी र हिमाली क्षेत्रको कम्तीमा दश हजार जनसंख्या भएको र बिजुली, खानेपानी र संचारको व्यवस्था भएको कुनै क्षेत्रलाई चार किल्ला खोली नगर क्षेत्र तोक्न सक्नेछ।

(३) श्री ५ को सरकारले उपदफा (१) र (२) बमोजिम तोकिएको नगर क्षेत्रभित्रको पायक पर्ने स्थानलाई सो क्षेत्रको केन्द्र तोक्न सक्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिम तोकिएको नगर क्षेत्रको केन्द्रमा नगर स्तरीय सबै कार्यालयहरु रहनेछन् ।

४. <u>वडा विभाजन:</u> दफा ३ बमोजिम तोकिएको नगर क्षेत्रलाई श्री ५ को सरकारले भौगोलिक अवस्थालाई समेत ध्यान दिई यथासंभव बराबर जनसंख्या पर्ने गरी कम्तीमा नौ वडामा विभाजन गर्नेछ ।

५. <u>सिमाना हेरफेर:</u> (१) दफा ३ बमोजिम तोकिएको कुनै नगर क्षेत्र वा दफा ४ बमोजिम विभाजन गरिएको कुनै वडाको सिमाना हेरफेर गर्न आवश्यक परेमा श्री ५ को सरकारले सम्बन्धित विशेषज्ञ समेत रहने गरी समिति गठन गरी सो समितिको सिफारिशमा निर्वाचन आयोगको स्वीकृति लिई प्रतिनिधि सभाको सदस्यको निर्बाचनको लागि कायम भएको निर्वाचन क्षेत्रलाई असर नपर्ने गरी त्यस्तो नगर क्षेत्र वा वडाको सिमाना हेरफेर गर्नेछ ।

तर यसरी सिमाना हेरफेर गर्दा निर्वाचन हुने साल भन्दा एक वर्ष अगावै गरिसक्नु पर्नेछ ।

(२) कुनै नगर क्षेत्रको सिमाना हेरेफेर हुन आवश्यक छ भनी सम्बन्धित नगर परिषद्को दुई तिहाई बहुमतले प्रस्ताव पारित भै सम्बन्धित जिल्ला परिषद्ले सिफारिश गरेमा उपदफा (१) को अधीनमा रही श्री ५ को सरकारले सिमाना हेरफेर गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२८

६. <u>वडा समितिको गठन:</u> नगरपालिकाको प्रत्येक वडाका प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरुले दफा ९ बमोजिम नगर परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरु मध्येबाट निर्वाचित गरेका देहाय बमोजिमको वडाध्यक्ष र वडा सदस्यहरु रहने गरी एक वडा समिति गठन हुनेछ:-

(क) एकजना वडाध्यक्ष,

(ख) एकजना महिला वडा सदस्य, र

(ग) तीनजना वडा सदस्यहरु ।"

(३) परिच्छेद-२ पछि देहायका परिच्छेद-२क. र परिच्छेद २ख. थपिएका छन्:-

"परिच्छेद-२क

<u>नगर परिषद सम्बन्धी व्यवस्था</u>

७. <u>नगर परिषदको गठन:</u> (१) दफा ३ बमोजिम तोकिएको नगर क्षेत्रमा एक नगर परिषद् गठन गरिनेछ ।

(२) नगर परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:-

(क) नगरपालिकाका प्रमुख र उप-प्रमुख,

(ख) प्रत्येक वडा समितिका वडाध्यक्ष, महिला वडा सदस्य र वडा सदस्यहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) नगरपालिका क्षेत्रभित्रका महिला सहित समाज सेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासी मध्ये नगर परिषद्मा प्रतिनिधित्व हुन नसकेका वर्गका दफा ९ बमोजिम नगर परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट नगर परिषद्द्वारा मनोनीत कम्तीमा ६ जना र बढीमा बीस जना व्यक्तिहरु ।

तर, त्यसरी मनोनीत हुने व्यक्तिहरु मध्ये कम्तीमा चालीस प्रतिशत व्यक्तिहरु महिला हुनुपर्नेछ ।

८. नगर परिषदको सदस्यको पदावधि: (१) नगर परिषद्को सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(२) नगर परिषद्का सदस्यको पदावधि गणना गर्दा पदावधि शुरु हुने सालको श्रावण १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि नबढाई प्रत्येक पाँचौ वर्षको आषाढ मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस दफा बमोजिम नगर परिषद्को सदस्यको पदावधि समाप्त हुनु अगावै नगर परिषद्को नयाँ सदस्यको लागि निर्वाचन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पन्न भएमा नगर परिषद्को साविकको सदस्यको पदावधि समाप्त भएको मानिनेछ र नगर परिषद्को नव निर्वाचित सदस्यलाई नै कार्य संचालन गर्ने अधिकार हुनेछ ।

(४) कुनै कारणवश निर्धारित समयमा कुनै नगरपालिका वा वडा समितिको सदस्य पदको निर्वाचन वा नगर परिषद्को सदस्यको मनोनयन हुन नसकी अरु समयमा भएपनि त्यस्तो सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचित वा मनोनीत भए सरह मानी पदावधिको गणना गरिनेछ ।

(५) कुनै नगर परिषद् सदस्यको पद कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति निर्वाचित सदस्य पदको लागि प्रचलित कानून बमोजिम उप-निर्वाचनद्वारा र मनोनीत सदस्य पदको लागि मनोनयनद्वारा गरिनेछ ।

तर-

(१) पद रिक्त भएको मितिले एक वर्षभित्र उप-निर्वाचन वा मनोनयन गरिसक्नु पर्नेछ ।

(२) ६ महिना भन्दा कम अवधिको लागि उप-निर्वाचन वा मनोनयन गरिने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. नगर परिषदको सदस्यको लागि चाहिने योग्यताः नगर परिषद्को सदस्य हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछः-

(क) नेपाली नागरिक भएको,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको र प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेको,

(ग) नगरपालिकालाई बुझाउनु पर्ने सबै जिन्सी वा नगदी बुझाई सकेको,

(घ) नगरपालिकासंग ठेक्का पट्टा वा चल, अचल सम्पत्ति सम्बन्धी व्यवहारमा कुनै निजी स्वार्थ नभएको,

(ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको,

तर असुली भएको प्रमाण पेश गरेमा यो खण्ड लागू हुने छैन ।

(च) कुनै कानूनले अयोग्य नभएको ।

१०. नगर परिषदको सदस्यता कायम नरहनेः देहायको अवस्थामा नगर परिषद्को सदस्यता कायम रहने छैनः-

(क) दफा ९ बमोजिमको योगयता नभएमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आफू बसोबास गरिआएको वडा वा सो को भाग सम्बन्धित नगर क्षेत्रबाट झिकिएमा वा अन्य कुनै गाउँ विकास क्षेत्र वा नगरपालिकामा गाभिएमा ।

(ग) जिल्ला विकास समितिको सभापति, उप-सभापति वा सदस्यको निर्वाचनमा उम्मेदवार भएमा वा जिल्ला परिषद्को सदस्यमा मनोनीत भएमा,

तर त्यस्तो पदको लागि हुने निर्वाचनमा मतदाता हुनको लागि यस खण्डले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्यको निर्वाचनमा उम्मेदवार भएमा वा राष्ट्रिय सभाको सदस्यमा मनोनीत भएमा,

(ङ) मनासिब माफिकको सूचना नदिई लगातार तीन पटक सम्म नगर परिषद्को बैठकमा अनुपस्थित रहेमा,

तर त्यस्तो सदस्यलाई सफाई पेश गर्ने मनासिब मौका नदिई


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
४६९

निजको सदस्यता कायम नरहेको सूचना दिइने छैन ।

(च) दफा ८ बमोजिमको पदावधि समाप्त भएमा,

(छ) प्रचलित कानून बमोजिम भ्रष्टाचारको अभियोगमा सजाय पाएमा,

(ज) राजनैतिक दल वा संगठनको तर्फबाट उम्मेदवार भई निर्वाचित सदस्यले तोकिए बमोजिम सम्बन्धित दल त्याग गरेमा,

(झ) राजिनामा दिएमा,

(ञ) मृत्यु भएमा ।

## परिच्छेद-२ ख.

## नगरपालिका सम्बन्धी व्यवस्था

११. नगरपालिकाको गठन: (१) दफा ३ बमोजिम तोकिएको नगर क्षेत्रमा नगर परिषद्को कार्यकारिणीको रुपमा एक नगरपालिका गठन गरिनेछ ।

(२) नगरपालिकामा देहाय बमोजिमका प्रमुख, उप-प्रमुख र सदस्यहरु रहनेछन्:-

(क) नगर क्षेत्रभित्रका प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुगेका नेपाली नागरिकहरुले निर्वाचन गरी पठाएका एकजना प्रमुख र एक जना उप-प्रमुख,

(ख) नगर क्षेत्रको प्रत्येक वडाका प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरुले आ-आफ्नो वडाबाट एक एक जनाका दरले निर्वाचन गरी पठाएका वडाध्यक्षहरु ।

(ग) दफा ७ को उपदफा (२) को खण्ड (ग) बमोजिमका नगर परिषद्का सदस्यहरु मध्येबाट एकजना महिला सहित नगरपालिकाद्वारा मनोनीत दुई जना सदस्यहरु ।

१२. <u>नगरपालिका स्वशासित र संगठित संस्था हुने:</u> (१) प्रत्येक नगरपालिका एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) नगरपालिकाको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) नगरपालिकाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) नगरपालिकाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

१२क. <u>सदस्यको पदावधि</u> : (१) नगरपालिकाको सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(२) नगरपालिकाको सदस्यको पदावधि गणना गर्दा पदावधि शुरु हुने सालको श्रावण १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि नबढाई प्रत्येक पाँचौं वर्षको आषाढ मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम सदस्यको पदावधि समाप्त हुनु अगावै नयाँ सदस्यको लागि निर्वाचन सम्पन्न भएमा साविकको सदस्यको पदावधि समाप्त भएको मानिनेछ र नवनिर्वाचित सदस्यलाई नै कार्य संचालन गर्ने अधिकार हुनेछ ।

(४) कुनै कारणवश निर्धारित समयमा कुनै नगरपालिकाको सदस्य पदको निर्वाचन वा मनोनयन सम्पन्न हुन नसकी अरु समयमा सम्पन्न भएपनि निर्वाचित र मनोनीत सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचित वा मनोनीत भए सरह मानी पदावधिको गणना गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६४

(५) कुनै नगरपालिका सदस्यको पद कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति निर्वाचित सदस्य पदको लागि प्रचलित कानून बमोजिम उप-निर्वाचनद्वारा र मनोनीत सदस्य पदको लागि मनोनयनद्वारा गरिनेछ ।

तर-

(१) पद रिक्त भएको मितिले एक वर्षभित्र उप-निर्वाचन वा मनोनयन गरिसक्नु पर्नेछ ।

(२) ६ महिना भन्दा कम अवधिको लागि उप-निर्वाचन वा मनोनयन गरिने छैन ।

१२ख. <u>सदस्यको लागि चाहिने योग्यता</u> : नगरपालिकाको सदस्यमा निर्वाचित वा मनोनीत हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) नेपाली नागरिक भएको,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको र प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेको,

(ग) नगरपालिकालाई बुझाउनु पर्ने सबै जिन्सी वा नगदी बुझाइ सकेको,

(घ) नगरपालिकासंग ठेक्का पट्टा वा चल अचल सम्पत्ति सम्बन्धी


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६५

व्यवहारमा कुनै निजी स्वार्थ नभएको,

(ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको,

तर असुली भएको प्रमाण पेश गरेमा यो खण्ड लागू हुने छैन ।

(च) अन्य प्रचलित कानूनले अयोग्य नभएको ।

१२ग. <u>सदस्यता कायम नरहने:</u> देहायको अवस्थामा नगरपालिकाको सदस्यता कायम रहने छैन:-

(क) दफा १२ख. बमोजिमको योग्यता नभएमा,

(ख) आफू बसोबास गरिआएको वडा वा सो को भाग सम्बन्धित नगर क्षेत्रबाट झिकिएमा वा अन्य कुनै गाउँ विकास क्षेत्र वा नगर क्षेत्रमा गाभिएमा,

(ग) जिल्ला विकास समितिको सभापति, उप-सभापति वा सदस्यको निर्वाचनमा उम्मेदबार भएमा वा जिल्ला परिषद्को सदस्यमा मनोनीत भएमा,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
४६६

तर त्यस्तो पदको लागि हुने निर्वाचनमा मतदाता हुनको लागि यस खण्डले बाधा पुऱ्याएको मानिने छैन।

(घ) प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्यको निर्वाचनमा उम्मेदवार भएमा वा राष्ट्रिय सभाको सदस्यमा मनोनीत भएमा,

(ङ) मनासिब माफिकको सूचना नदिई लगातार तीन पटकसम्म नगरपालिकाको बैठकमा अनुपस्थित भएमा,

तर त्यस्तो सदस्यलाई सफाई पेश गर्ने मनासिब मौका नदिई निजको सदस्यता कायम नरहेको सूचना दिइने छैन।

(च) प्रचलित कानून बमोजिम भ्रष्टाचारको अभियोगमा सजाय पाएमा,

(छ) दफा १२ क. बमोजिमको पदावधि समाप्त भएमा,

(ज) राजनैतिक दल वा संगठनको तर्फबाट उम्मेदवार भई निर्वाचित सदस्यले तोकिए बमोजिम सम्बन्धित दल त्याग गरेमा,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६०

(झ) आफ्नो पदबाट राजिनामा दिएमा,

(ञ) मृत्यु भएमा ।

१२घ. सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने: सदस्यले दफा ७३ क. बमोजिम शपथ ग्रहण गरेको मितिले तीस दिनभित्र आफू र आफ्नो एकाघर सगोलका परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

तर प्रमुख र उप-प्रमुखले आफू पदबाट हटे पछि पनि त्यसरी पदबाट हटेको मितिले तीस दिनभित्र त्यस्तो सम्पतिको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

१२ङ नगरपालिकाको वर्गीकरण: (१) दफा ११ बमोजिम गठित नगरपालिकाहरुलाई श्री ५ को सरकारले जनसंख्या, आयश्रोत र अन्य शहरी सुविधाको आधारमा देहाय बमोजिम वर्गीकरण गर्न सक्नेछ:-

(क) महानगरपालिका,

(ख) उप-महानगरपालिका,

(ग) नगरपालिका ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत देहायका नगरपालिकामा देहाय बमोजिमको जनसंख्या तथा शहरी सुविधा हुन पर्नेछ:-



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६८

(क) महानगरपालिका : कम्तीमा तीन लाख जनसंख्या र न्यूनतम दश करोड रुपैयाँ वार्षिक आयश्रोत तथा विद्युत, सडक, खानेपानी, संचार र अन्य त्यस्तै पर्याप्त शहरी सुविधाहरु भएको र उप-महानगरपालिका भै सकेको ।

(ख) उप-महानगरपालिका : कम्तीमा एकलाख जनसंख्या र न्यूनतम पाँच करोड रुपैयाँ वार्षिक आय श्रोत तथा विद्युत, सडक, खानेपानी, संचार र अन्य त्यस्तै आवश्यक शहरी सुविधाहरु भएको र नगरपालिका भईसकेको ।

(ग) नगरपालिका : कम्तीमा बीस हजार जनसंख्या र न्यूनतम बीस लाख रुपैयाँ वार्षिक आय श्रोत तथा विद्युत, सडक, खानेपानी, संचार र अन्य त्यस्तै न्यूनतम शहरी सुविधा भएको अर्ध शहरी क्षेत्र ।

तर पहाडी र हिमाली क्षेत्रमा सडक सुविधा नभए तापनि कम्तीमा दश हजार जनसंख्या र न्यूनतम पाँच लाख रुपैयाँ वार्षिक आयश्रोत भए पुग्ने छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस अघि कायम भइसकेका नगरपालिकाहरुलाई यस व्यवस्थाले असर पार्ने छैन ।"

(४) परिच्छेद-३ को सट्टा देहायको परिच्छेद-३ राखिएकोछः-

"परिच्छेद-३

बैठक र कार्य प्रणाली

१३. वडा समितिको बैठकः (१) वडा समितिको बैठक कम्तीमा महिनाको दुई पटक बस्नेछ ।

(२) वडाध्यक्षले मिति, समय र स्थान तोकी वडा समितिको बैठक बोलाउनेछ ।

(३) वडा समितिको बैठकको अध्यक्षता वडाध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित वडा समितिका सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले वडा समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(४) अध्यक्षता गर्ने व्यक्ति सहित तीनजना सदस्यको बहुमतले बैठकको निर्णय हुन सक्नेछ ।

(५) वडा समितिको बैठक सम्बन्धी अन्य कुरा वडा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. नगर परिषदको बैठकः (१) नगर परिषद्को बैठक साधारणतया वर्षको दुईपटक बस्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

860

(२) नगर परिषद्को बैठक नगरपालिकाको प्रमुखले बोलाउनेछ ।

(३) प्रत्येक वर्ष नगर परिषद्को बैठक सामान्यतया श्रावण मसान्त र पौष मसान्तभित्र बोलाउनु पर्नेछ ।

(४) नगर परिषद्को प्रत्येक बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले नगर परिषद्को बैठकको अध्यक्षता गर्नेछ ।

तर नगर परिषद्को बैठकमा अध्यक्षको छनौट हुनु भन्दा अघि नगर परिषद्का उपस्थित सदस्यहरु मध्ये उमेरको हिसाबले वरिष्ठ सदस्यले सो बैठकको अध्यक्षता गर्नेछ ।

(५) नगरपालिकाको सचिवले नगर परिषद्को सचिवको काम गर्नेछ ।

(६) नगर परिषद्को बैठक बस्ने मिति, समय र स्थानको सूचना तथा विषय सूची बैठक बस्ने दिन भन्दा कम्तीमा पन्ध्र दिन अगावै नगरपालिकाको प्रमुखको निर्देशनमा सचिवले नगर परिषद्का सबै सदस्यहरुलाई पठाउनु पर्नेछ ।

(७) नगर परिषद्को बैठकको गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) गणपूरक संख्याको अभावमा नगर परिषद्को बैठक बस्न नसकेमा सात दिनको सूचना दिई अर्को बैठक बोलाउनु पर्नेछ । सो बैठकको गणपूरक संख्या एक तिहाई हुनेछ । सो गणपूरक संख्या पनि पूरा हुन नसकेमा सो को भोलिपल्ट पुनः अर्को बैठक बोलाउनु पर्नेछ सो बैठकमा जतिसुकै सदस्य उपस्थित भए पनि बैठक संचालन हुनेछ ।

(९) नगर परिषद्का एक तिहाई सदस्यहरुले कुनै खास विषयमा छलफल गर्न बैठक बोलाई पाउँ भनी प्रमुख समक्ष लिखित अनुरोध गरेमा त्यसरी अनुरोध गरेको मितिले तीस दिनभित्र नगर परिषद्को विशेष बैठक बोलाउनु पर्नेछ ।

(१०) नगर परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१४क. <u>नगरपालिकाको बैठक:</u> (१) नगरपालिकाको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

(२) प्रमुखको आदेश अनुसार सचिवले नगरपालिकाको बैठक बोलाउनेछ ।

तर तीन महिनासम्म पनि प्रमुखले बैठक बोलाउने आदेश नदिएमा एक तिहाई सदस्यहरुको लिखित अनुरोधमा सचिवले नगरपालिकाको बैठक बोलाउनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) नगरपालिकाको बैठकको अध्यक्षता प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा उप-प्रमुखले र उप-प्रमुख पनि अनुपस्थित भएमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) नगरपालिकाको बैठक तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) नगरपालिकाको बैठकको निर्णय सचिवले प्रमाणित गर्नेछ ।

(६) नगरपालिकाको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१४ख. <u>बैठकको निर्णय:</u> (१) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नगर परिषद् र नगरपालिकाको बैठकको निर्णय उपस्थित सदस्यहरुको बहुमतको आधारमा गरिनेछ ।

तर दफा १४घ. को खण्ड (ख) र (ग) बमोजिमको प्रस्ताव सम्बन्धमा निर्णय गर्दा सम्पूर्ण सदस्य संख्याको बहुमतको आवश्यकता हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नगर परिषद् र नगरपालिकाको बैठकमा मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।"

(५) परिच्छेद-४ मा देहायका दफा १४ग. र १४घ. थपिएका छन्:-

"१४ग. <u>वडा समितिको काम, कर्तव्य र अधिकार</u> : नगरपालिका अन्तर्गतको प्रत्येक वडा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) वडाभित्रको जनसंख्या, घर, जग्गा, पाटी, पौवा, धर्मशाला, मठ, मन्दिर, मस्जिद, गुम्बा, देवस्थल, मदरसा, पर्ती जग्गा, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुंगेधारा आदि सार्वजनिक महत्वका धार्मिक तथा सांस्कृतिक स्थलहरुको लगत राख्न नगरपालिकालाई सहयोग गर्ने।

(ख) वडाभित्रको बाटो, सडक, पुल, ढल, पोखरी, पाटी, पौवा, धर्मशाला, देवस्थल, तलाउ, इनार, कुवा, ढुङ्गेधारा, धारा, बहाल, मठ, मन्दिर, गुम्बा आदि सफा सुग्घर राख्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८४

(ग) वडाभित्रको फोहर मैला र सडेगलेका वस्तुहरु फ्याँक्ने, वडाभित्रको चोक र गल्ली सफा राख्ने प्रबन्ध गर्ने ।

(घ) वडाभित्रको नहर, कुलो, पैनी आदिको हेरबिचार गर्ने ।

(ङ) वडाभित्रको पर्ति जग्गा र डाँडा, भीर, पाखा आदिमा वृक्षारोपण गर्ने र वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।

(च) वडामा स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी आदिको व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

(छ) वडामा विद्यालय तथा पुस्तकालयको स्थापनामा सहयोग पुऱ्याउने ।

(ज) छाडा भई हिंडेका चौपायाहरु पक्राउ गरी सम्बन्धित निकायमा बुझाउने ।

(झ) वडाभित्रको गल्ली तथा सडकमा बिजुली बत्तीको प्रबन्ध गर्ने ।

(ञ) वडा समितिको आयव्ययको हिसाब तथा अन्य कागजातहरु सुरक्षित राख्ने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) वडाभित्र सुपथ मूल्यमा खाद्यान्न तथा अन्य आवश्यक वस्तुको बिक्रीको लागि नगरपालिकालाई सहयोग पुऱ्याउने ।

(ठ) खेलकूद विकासको लागि खेलकूदका समानहरु बितरण गर्ने र संस्कृतिको विकासको लागि कला, नाटक तथा सांस्कृतिक कार्यक्रमहरुको आयोजना गर्न सहयोग गर्ने ।

(ड) वडामा असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने ।

(ढ) वडामा कुनै असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने ।

(ण) वडाका बालबालिकाहरुलाई बि.सि.जि., पोलियोको व्यवस्था गर्ने तथा सरुवा रोगको रोकथामको व्यवस्था गर्ने ।

(त) वडावासीहरुलाई व्यक्तिगत घटना दर्ता गर्न उत्प्रेरित गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६६

(थ) नगरवासीहरुको चेतना स्तर उकास्न विभिन्न क्रियाकलाप गर्न सहयोग गर्ने ।

(द) पर्ती जग्गा संरक्षण गर्न सहयोग गर्ने ।

(ध) वडाभित्रका प्राचीन स्मारकहरुको संरक्षण गर्न सहयोग गर्ने ।

(न) वडाभित्रका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्वका मन्दिरहरुको संरक्षण गर्न सहयोग गर्ने ।

(प) मौलिकता झल्किने सांस्कृतिक नाचगान तथा भजन समेतलाई निरन्तरता दिन नगरपालिकालाई सहयोग गर्ने ।

(फ) वडाभित्रका पिछडिएका जनजाति, असहाय, अपाङ्ग तथा वेवारिस व्यक्तिहरुको संरक्षण र जीविकोपार्जन सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने ।

(ब) सम्बन्धित नगरपालिकाले दिएको निर्देशन तथा आदेश बमोजिमको अन्य काम गर्ने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४घ. नगर परिषदको काम, कर्तव्य र अधिकार : (१) नगर परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नगरपालिकाले पेश गरेको बजेट, योजना तथा कार्यक्रमहरु पारित गर्ने ।

(ख) नगरपालिकाले प्रस्ताव गरेका कर, दस्तुर, शुल्क आदि लगाउने तथा उठाउने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(ग) नगरपालिकाले प्रस्ताव गरेको ऋण लिने वा अचल सम्पत्ति बेचबिखन वा हस्तान्तरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(घ) नगरपालिकाको लेखा परीक्षण प्रतिवेदनबाट कायम भएका बेरुजुमाथि छलफल गरी प्रचलित कानून बमोजिम नियमित गर्न नमिल्ने बेरुजुको हकमा बेरुजु फछ्र्यौटको लागि आवश्यक कारवाही गर्न नगरपालिकालाई निर्देशन दिने ।

(ङ) नगरपालिकाले आफ्नो आन्तरिक श्रोतबाट व्यहोरिने गरी प्रस्ताव गरेको कर्मचारीको दरबन्दी,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६८

(४) नगर परिषद्‌को अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।"

(६) दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :-

" १६. सल्लाहकार समिति गठन गर्न सक्ने : नगरपालिकाले आवश्यक ठानेमा आफ्नो काममा सहयोग पुऱ्याउन तीन देखि नौ जना सम्मको एक सल्लाहकार समिति गठन गर्न सक्नेछ।"

(७) दफा १७ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) नगर परिषद् र नगरपालिकाको बैठक बोलाउने।"

(८) दफा ७३ पछि देहायका दफा ७३क. र ७३ख. थपिएका छन्:-

"७३क. शपथ ग्रहण गर्नु पर्ने : (१) प्रमुखले जिल्ला न्यायाधीश समक्ष, उप-प्रमुख र सदस्यहरुले प्रमुख समक्ष र प्रमुखको अनुपस्थितिमा उप-प्रमुखले जिल्ला न्यायाधीश समक्ष र सदस्यहरुले उप-प्रमुख समक्ष शपथ ग्रहण गर्नु पर्नेछ।

(२) उपदफा (१) मा उल्लेख भएदेखि बाहेकका नगर परिषद्‌का अन्य सदस्यहरुले प्रमुख समक्ष र प्रमुखको अनुपस्थितिमा उप-प्रमुख समक्ष शपथ ग्रहण गर्नु पर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८८०

(३) उपदफा (१) वा (२) बमोजिम शपथ ग्रहण नगरी नगर परिषद् तथा नगरपालिकाका सदस्यहरुले पद ग्रहण गर्न छैनन् ।

७३ख. पद त्याग गर्न सक्ने: (१) प्रमुखले उप-प्रमुख मार्फत नगरपालिका समक्ष र उप-प्रमुख तथा सदस्यहरुले प्रमुख समक्ष राजिनामा दिई पदत्याग गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा उल्लेख भएदेखि बाहेक नगर परिषद्का अन्य सदस्यहरुले प्रमुख समक्ष राजिनामा दिई पदत्याग गर्न सक्नेछन् ।"

४. जिल्ला विकास समिति ऐन,२०४८ मा संशोधन : जिल्ला विकास समिति ऐन, २०४८ को,-

(१) परिच्छेद-२ को सट्टा देहायको परिच्छेद-२ राखिएको छः-

"परिच्छेद-२

जिल्ला विकास क्षेत्र र इलाका विभाजन

३. जिल्ला विकास क्षेत्र तोक्ने : श्री ५ को सरकारले स्थानीय प्रशासन ऐन,२०२८ बमोजिम कायम भएको प्रत्येक जिल्लालाई जिल्ला विकास क्षेत्र तोक्न सक्नेछ ।

४. जिल्ला विकास क्षेत्रको इलाका विभाजन : (१) प्रत्येक जिल्ला विकास क्षेत्रलाई श्री ५ को सरकारले कम्तीमा नौ र बढीमा सत्र इलाकामा विभाजन गर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम विभाजित जिल्ला विकास क्षेत्रको इलाकाहरुको सिमाना हेरफेर गर्नु परेमा श्री ५ को सरकारले सम्बन्धित विशेषज्ञ समेत रहने गरी समिति गठन गरी सो समितिको सिफारिशमा निर्वाचन आयोगको स्वीकृति लिई सिमाना हेरफेर गर्न सक्नेछ ।"

तर यसरी सिमाना हेरफेर गर्दा निर्वाचन हुने साल भन्दा एक वर्ष अगावै गरिसक्नु पर्नेछ ।

(२) परिच्छेद-२ पछि देहायका परिच्छेद-२क. र परिच्छेद-२ख, थपिएका छन्:-

"परिच्छेद-२ क.

जिल्ला परिषद सम्बन्धी व्यवस्था

५. जिल्ला परिषदको गठन: (१) दफा ३ बमोजिम तोकिएको जिल्ला विकास क्षेत्रमा एक जिल्ला परिषद् गठन गरिनेछ ।

(२) जिल्ला परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:-

(क) जिल्लाभित्रका प्रत्येक गाउँ विकास समितिका अध्यक्ष र उपाध्यक्ष ,

(ख) जिल्लाभित्रका नगरपालिकाका प्रमुख र उप-प्रमुख,

(ग) जिल्ला विकास समितिका सदस्यहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) जिल्लाभित्रका प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरु पदेन सदस्य,

(ङ) जिल्लाभित्रका एकजना महिला सहित समाजसेवी आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासी मध्ये जिल्ला परिषद्मा प्रतिनिधित्व हुन नसकेका वर्गका दफा ७ बमोजिम जिल्ला परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट जिल्ला परिषद्द्वारा मनोनीत छ जना व्यक्तिहरु ।

६. जिल्ला परिषदको सदस्यको पदावधि : (१) जिल्ला परिषद्का सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(२) जिल्ला परिषद्का सदस्यको पदावधि गणना गर्दा पदावधि शुरु हुने सालको श्रावण १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि नबढाई प्रत्येक पाँचौ वर्षको आषाढ मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस दफा बमोजिम जिल्ला परिषद्को सदस्यको पदावधि समाप्त हुनु अगावै जिल्ला परिषद्को नयाँ सदस्यको लागि निर्वाचन सम्पन्न भएमा जिल्ला परिषद्को साविकको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सदस्यको पदावधि समाप्त भएको मानिनेछ र जिल्ला परिषद्को नव निर्वाचित सदस्यलाई नै कार्य संचालन गर्ने अधिकार हुनेछ ।

(४) कुनै कारणवश निर्धारित समयमा कुनै जिल्ला परिषद्को सदस्य पदको निर्वाचन वा जिल्ला परिषद्को सदस्यको मनोनयन हुन नसकी अरु समयमा भए पनि त्यस्ता सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचित वा मनोनीत भए सरह मानी पदावधिको गणना गरिनेछ ।

(५) कुनै जिल्ला परिषद्को सदस्यको पद कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति निर्वाचित सदस्य पदको लागि प्रचलित कानून बमोजिम उप-निर्वाचनद्वारा र मनोनीत सदस्यको पदको लागि मनोनयनद्वारा गरिनेछ ।

तर-

(१) पद रिक्त भएको मितिले एक वर्षभित्र उप-निर्वाचन वा मनोनयन गरिसक्नु पर्नेछ ।

(२) ६ महिना भन्दा कम अवधिको लागि उप-निर्वाचन वा मनोनयन गरिने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. जिल्ला परिषदको सदस्यको लागि चाहिने योग्यता: जिल्ला परिषद्को सदस्य हुँनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ:-

(क) नेपाली नागरिक भएको,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको र प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेको,

(ग) जिल्ला विकास समितिलाई बुझाउनु पर्ने सबै जिन्सी वा नगदी बुझाई सकेको,

(घ) जिल्ला विकास समितिसंग ठेक्का पट्टा वा चल अचल सम्पत्ति सम्बन्धी व्यवहारमा कुनै निजी स्वार्थ नभएको,

(ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको,

तर असुली भएको प्रमाण पेश गरेमा यो खण्ड लागू हुने छैन ।

(च) कुनै कानूनले अयोग्य नभएको ।

८. जिल्ला परिषदको सदस्यता कायम नरहने : देहायको अवस्थामा जिल्ला परिषद्को सदस्यता कायम रहने छैन:-

(क) दफा ७ बमोजिमको योग्यता नभएमा,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४८५

(ख) आफू बसोबास गरिआएको क्षेत्र सम्बन्धित जिल्ला विकास क्षेत्रबाट झिकिएमा वा अन्य क्षेत्रमा गाभिएमा,

(ग) प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्यको निर्वाचनमा उम्मेदवार भएमा वा राष्ट्रिय सभाको सदस्यमा मनोनीत भएमा,

(घ) मनासिब माफिकको सूचना नदिई लगातार तीन पटकसम्म जिल्ला परिषद्को बैठकमा अनुपस्थित रहेमा,

तर त्यस्तो सदस्यलाई सफाई पेश गर्ने मनासिब मौका नदिई निजको सदस्यता कायम नरहेको सूचना दिइने छैन ।

(ङ) दफा ६ बमोजिमको पदावधि समाप्त भएमा,

(च) प्रचलित कानून बमोजिम भ्रष्टाचारको अभियोगमा सजाय पाएमा,

(छ) राजिनामा दिएमा,

(ज) मृत्यु भएमा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

४८६

## परिच्छेद–२ ख
## जिल्ला विकास समिति सम्बन्धी व्यवस्था

९. **जिल्ला विकास समितिको गठनः** (१) दफा ३ बमोजिम तोकिएको जिल्ला विकास क्षेत्रमा जिल्ला परिषद्को कार्यकारिणीको रुपमा एक जिल्ला विकास समिति गठन गरिनेछ ।

(२) जिल्ला विकास समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:-

(क) जिल्लाका प्रत्येक इलाकाभित्रका गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरुले आफू मध्येबाट प्रत्येक इलाकाबाट एक जनाका दरले निर्वाचित सदस्यहरु,

(ख) जिल्लाका प्रत्येक गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरुले आफू मध्येबाट निर्वाचित सभापति र उप-सभापति,

(ग) जिल्लाभित्रका प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरु पदेन सदस्य,

(घ) दफा ५ को उपदफा (२) को खण्ड (ङ) बमोजिमका जिल्ला परिषद्का सदस्यहरु मध्येबाट एकजना महिला सहित जिल्ला विकास समितिद्वारा मनोनीत दुई जना सदस्यहरु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

१०. <u>जिल्ला विकास समिति स्वशासित र संगठित संस्था हुने:</u> (१) प्रत्येक जिल्ला विकास समिति अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) जिल्ला विकास समितिको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) जिल्ला विकास समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेच बिखन गर्न सक्नेछ ।

(४) जिल्ला विकास समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

११. <u>सदस्यको पदावधि:</u> (१) जिल्ला विकास समितिको सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(२) जिल्ला विकास समितिको सदस्यको पदावधि गणना गर्दा पदावधि शुरु हुने सालको श्रावण १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि नबढाई प्रत्येक पाँचौ वर्षको आषाढ मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस दफा बमोजिम सदस्यको पदावधि समाप्त हुनु अगावै नयाँ


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सदस्यको लागि निर्वाचन सम्पन्न भएमा साविकको सदस्यको पदावधि समाप्त भएको मानिनेछ र नवनिर्वाचित सदस्यलाई नै कार्य संचालन गर्ने अधिकार हुनेछ ।

(४) कुनै कारणवश निर्धारित समयमा कुनै जिल्ला विकास समितिको सदस्य पदको निर्वाचन वा मनोनयन सम्पन्न हुन नसकी अरु समयमा सम्पन्न भएपनि निर्वाचित वा मनोनीत सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचित वा मनोनीत भए सरह मानी पदावधिको गणना गरिनेछ ।

(५) कुनै जिल्ला विकास समितिको सदस्य पद कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो पदको पूर्ति निर्वाचित सदस्य पदको लागि प्रचलित कानून बमोजिम उप-निर्वाचनद्वारा र मनोनीत सदस्य पदको लागि मनोनयनद्वारा गरिनेछ ।

तर-

(१) पद रिक्त भएको मितिले एक वर्षभित्र उप-निर्वाचन वा मनोनयन गरिसक्नु पर्नेछ ।

(२) ६ महिनाभन्दा कम अवधिको लागि उप-निर्वाचन वा मनोनयन गरिने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. <u>सदस्यको लागि चाहिने योग्यता</u> : जिल्ला विकास समितिको सदस्यमा निर्वाचित वा मनोनीत हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) नेपाली नागरिक भएको,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको र प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेको,

(ग) जिल्ला विकास समितिलाई बुझाउनु पर्ने सबै जिन्सी वा नगदी बुझाइ सकेको,

(घ) जिल्ला विकास समितिसंग ठेक्का पट्टा वा चल अचल सम्पत्ति सम्बन्धी व्यवहारमा कुनै निजी स्वार्थ नभएको,

(ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको,

तर असुली भएको प्रमाण पेश गरेमा यो खण्ड लागू हुने छैन ।

(च) अन्य प्रचलित कानूनले अयोग्य नभएको ।

१२क. <u>सदस्यता कायम नरहने:</u> देहायको अवस्थामा जिल्ला विकास समितिको सदस्यता कायम रहने छैन:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दफा १२ बमोजिमको योग्यता नभएमा,

(ख) आफू बसोबास गरिआएको क्षेत्र सम्बन्धित क्षेत्रबाट झिकिएमा वा अन्य क्षेत्रमा गाभिएमा ।

(ग) प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्यमा उमेदवार भएमा वा राष्ट्रिय सभाको सदस्यमा मनोनीत भएमा,

(घ) मनासिब माफिकको सूचना नदिई लगातार तीन पटकसम्म जिल्ला विकास समितिको बैठकमा अनुपस्थित भएमा,

तर त्यस्तो सदस्यलाई सफाई पेश गर्ने मनासिब मौका नदिई निजको सदस्यता कायम नरहेको सूचना दिइने छैन ।

(ङ) दफा ११ बमोजिमको पदावधि समाप्त भएमा,

(च) प्रचलित कानून बमोजिम भ्रष्टाचारको अभियोगमा सजाय पाएमा,

(छ) राजनैतिक दल वा संगठनको तर्फबाट उम्मेदवार भई निर्वाचित सदस्यलें तोकिए बमोजिम सम्बन्धित दल त्याग गरेमा,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
451

(ज) राजिनामा दिएमा,

(झ) मृत्यु भएमा ।

१२ख. सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने: सदस्यले दफा ६२क. बमोजिम सपथ ग्रहण गरेको मितिले तीस दिनभित्र आफू र आफ्नो एकाघर सगोलका परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

तर सभापति र उप-सभापतिले आफू पदबाट हटेपछि पनि त्यसरी पदबाट हटेको मितिले तीस दिन भित्र त्यस्तो सम्पत्तिको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

१२ग. जिल्ला विकास समितिहरुको वर्गीकरण: श्री ५ को सरकारले भौगोलिक विविधता तथा यातायात, संचार, शिक्षा र स्वास्थ्य सम्बन्धी सुविधाहरुको आधारमा जिल्ला विकास समितिहरुलाई तोकिए बमोजिम वर्गीकरण गरी कम सुविधा उपलब्ध र अविकसित जिल्ला विकास क्षेत्रका जिल्ला विकास समितिलाई साधन र सुविधा सम्पन्न गराई विकसित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।"

दफा १३ र १४ को सट्टा देहायका दफा १३ र १४ राखिएका छन्:-

"१३. जिल्ला परिषदको बैठक: (१) जिल्ला परिषद्को बैठक साधारणतया वर्षको एक पटक बस्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) जिल्ला परिषद्को बैठक जिल्ला विकास समितिको सभापतिले बोलाउनेछ ।

(३) प्रत्येक वर्ष जिल्ला परिषद्को बैठक समान्यतया फाल्गुण मसान्तभित्र बोलाउनु पर्नेछ।

(४) जिल्ला परिषद्का सम्पूर्ण सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले जिल्ला परिषद्को बैठकको अध्यक्षता गर्नेछ ।

तर जिल्ला परिषद्को बैठकमा अध्यक्षको छनौट हुनु भन्दा अघि जिल्ला परिषद्का उपस्थित सदस्यहरुमध्ये उमेरको हिसाबले वरिष्ठ सदस्यले सो बैठकको अध्यक्षता गर्नेछ ।

(५) जिल्ला विकास समितिको सचिवले जिल्ला परिषद्को सचिवको काम गर्नेछ ।

(६) जिल्ला परिषद्को बैठक बस्ने मिति, समय र स्थानको सूचना तथा विषय सूची बैठक बस्ने दिन भन्दा कम्तीमा पन्ध्र दिन अगावै जिल्ला विकास समितिको सभापतिको निर्देशनमा सचिवले जिल्ला परिषद्का सबै सदस्यहरुलाई पठाउनु पर्नेछ ।

(७) जिल्ला परिषद्को बैठकको गणपूरक संख्या सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत हुनेछ ।

(८) गणपूरक संख्याको अभावमा जिल्ला परिषद्को बैठक बस्न नसकेमा सात दिनको सूचना दिई अर्को बैठक बोलाउनु पर्नेछ । सो बैठकको गणपूरक संख्या एक तिहाई हुनेछ । सो


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गणपूरक संख्या पनि पूरा हुन नसकेमा सो को भोलिपल्ट पुनः अर्को बैठक बोलाउनु पर्नेछ सो बैठकमा जतिसुकै सदस्य उपस्थित भए पनि बैठक संचालन हुनेछ ।

(९) जिल्ला परिषद्का एक तिहाई सदस्यहरुले कुनै खास विषयमा छलफल गर्न बैठक बोलाई पाउँ भनी सभापति समक्ष लिखित अनुरोध गरेमा त्यसरी अनुरोध गरेको मितिले तीस दिनभित्र जिल्ला परिषद्को विशेष बैठक बोलाउनु पर्नेछ ।

(१०) जिल्ला परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१४. <u>जिल्ला विकास समितिको बैठकः</u> (१) जिल्ला विकास समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

(२) सभापतिको आदेश अनुसार सचिवले जिल्ला विकास समितिको बैठक बोलाउनेछ ।

तर तीन महिनासम्म पनि सभापतिले बैठक बोलाउने आदेश नदिएमा एक तिहाई सदस्यहरुको लिखित अनुरोधमा सचिवले जिल्ला विकास समितिको बैठक बोलाउनेछ ।

(३) जिल्ला विकास समितिको बैठकको सभापतित्व सभापतिले गर्नेछ र निजको अनुपस्थितिमा उप-सभापतिले र उप-सभापति पनि अनुपस्थित भएमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको सभापतित्व गर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) जिल्ला विकास समितिको बैठकमा तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) जिल्ला विकास समितिको बैठकको निर्णय सचिवले प्रमाणित गर्नेछ ।

(६) जिल्ला विकास समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।"

(४) दफा १५ खारेज गरिएको छ ।

(५) दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः-

"१६. बैठकको निर्णय : (१) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला परिषद् र जिल्ला विकास समितिको बैठकको निर्णय बैठकमा उपस्थित सदस्यहरुको बहुमतको आधारमा गरिनेछ ।

(२) जिल्ला परिषद् र जिल्ला विकास समितिको बैठकमा मत बराबर भएमा बैठकको सभापतित्व गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(३) पदेन सदस्यहरुले मतदानमा भाग लिन पाउने छैनन् ।"

(६) दफा १७ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन्ः-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

"(३) जिल्ला परिषद्ले जिल्ला परिषद्को कुनै एक सदस्यको अध्यक्षतामा निज सहित बढीमा पाँचजना सदस्यहरु रहेको एक लेखा समितिको गठन गर्नेछ र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(४) जिल्ला परिषद्लाई विभिन्न विषयमा आवश्यक सल्लाह र सुझाव दिनको लागि उपदफा (३) बमोजिमको लेखा समितिमा रहने सदस्यहरु बाहेक जिल्ला परिषद्का अन्य सदस्यहरुलाई तोकिए बमोजिमका विषयगत समितिहरुमा रहने गरी जिल्ला परिषद्ले विभिन्न समितिहरु गठन गर्न सक्नेछ।"

(७) परिच्छेद-१२ मा देहायका दफा ६२क. र ६२ख. थपिएका छन्:-

"६२क. <u>शपथ ग्रहण गर्नुपर्ने</u> : (१) सभापतिले जिल्ला न्यायाधीश समक्ष, उप-सभापति र सदस्यहरुले सभापति समक्ष र सभापतिको अनुपस्थितिमा उप-सभापतिले जिल्ला न्यायाधीश समक्ष र सदस्यहरुले उप-सभापति समक्ष सपथ ग्रहण गर्नु पर्नेछ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक जिल्ला परिषद्का अन्य सदस्यले सभापति समक्ष र सभापतिको अनुपस्थितिमा उप-सभापति समक्ष सपथ ग्रहण गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम शपथ ग्रहण नगरी जिल्ला परिषद् तथा जिल्ला विकास समितिका सदस्यहरुले पद ग्रहण गर्ने छैनन्।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२ख. पद त्याग गर्न सक्नेः (१) सभापतिले उप-सभापति मार्फत जिल्ला विकास समिति समक्ष र उप-सभापति तथा सदस्यहरुले सभापति समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

(२) जिल्ला परिषद्का मनोनीत सदस्यहरुले सभापति समक्ष र सभापतिको अनुपस्थितिमा उप-सभापति समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।"

५. स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०५३ निष्क्रय भएपछि त्यसको परिणामः स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०५३ निष्कृय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्कृयताले,-

(क) सो अध्यादेश निष्कृय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः- २०५४।५।६।६

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३८